दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक ३१५ | बुटवल | २०८२ मंसिर ०९ गते, मंगलबार | नेपाल संवत ११४६ | Tuesday November 25, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

## जेनजी समूहलाई सिंहदरबारको ढोका बन्द !

बुटवल। प्रधानमन्त्री सुशीला कार्कीसमक्ष माग पत्र बुझाउन जेनजीका विभिन्न समूहहरू सिंहदरबार भित्र छिर्न नपाएपछि उनीहरू दक्षिण गेटमा पत्र टाँसेर फर्किएका छन् । मिराज ढुंगाना, रविकिरण हमाललगायतका जेनजी अगुवाहरू सिंहदरबार मागपत्र लिएर पुगेका थिए ।

लाखौं युवा देशभरि सडकमा उत्रिएर गरिएको विद्रोह फगत ०८४ सालको निर्वाचन ०८२ सालमा गर्नको लागि मात्र नभएको उनीहरूको भनाइ छ । निर्वाचन आयोगमा दर्ता भएका दल, विघटित प्रतिनिधिसभाका सांसद तथा मन्त्रीहरूको चलअचल सम्पत्ति रोक्का गर्न र हालसम्म उच्च पदमा रहेका व्यक्तिहरुको सम्पत्ति छानबिनका लागि शक्तिशाली आयोग बनाउन पनि उनीहरूको माग छ ।

जेनजीका विभिन्न २१ समूहले कार्की सरकारले आफूहरूको माग पूरा गर्न नसक्ने र घाइते तथा शहीदको सपना साकार पार्न सम्भव नभएको निष्कर्ष निकालेका छन् । उनीहरूले माग पूरा गर्न ७ दिनको अल्टिमेटम दिँदै बेवास्ता गरे कार्की सरकार गठनमा आफूले गरेका गल्तीको माफी माग्दै पुनःसंघर्षमा जाने चेतावनी दिएका छन् ।

» बाँकी ३ पेजमा

## एनपीएल: सुदूरपश्चिमको लगातार तेस्रो जित



बुटवल । कप्तान दीपेन्द्रसिंह ऐरीको बल र ब्याट चलेपछि कर्णाली याक्सविरुद्धको खेलमा सुदूरपश्चिमले सानदार जित हासिल गरेको छ ।

सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपीएल)मा सोमबार सुदूरपश्चिमले लगातार तेस्रो खेल जितेको हो । यसअघि सुदूरपश्चिमले पोखरा एभेन्जर्स र काठमाडौं गोर्खाजलाई पराजित गरेको थियो । यो जितसँगै सुदूरपश्चिमको ६ अंक भएको छ ।

कर्णाली दिएको १४० रनको लक्ष्य पछ्याउने क्रममा कर्णालीले १९.२ ओभरमा सबै विकेट गुमाएर ९४ रन मात्रै बनाउन सक्यो । कर्णालीका लागि पवन सर्राफले सर्वाधिक २७ रन बनाए । त्यस्तै, मार्क वाटले १७, सोमपाल कामीले १४ र गुल्सन झाले १३ रन बनाए । अन्य खेलाडीले दोहोरो अंक पनि जोड्न सकेनन् । सुदूरपश्चिमका लागि दीपेन्द्रसिंह ऐरीले चार विकेट लिए । त्यस्तै, हरमित सिंहले दुई, स्कट कुग्लेजिन, हेमन्त धामी र अविनास बोहराले एक-एक विकेट लिए ।

यअसघि ब्याटिङ गरेको सुदूरपश्चिमले नौ विकेटको क्षतिमा १३९ रन बनाएको थियो । सुदूरपश्चिमका लागि कप्तान दीपेन्द्रसिंह ऐरीले बनाएको ३९ रन नै सर्वाधिक रह्यो । उनी २८ बलमा एक चौका र दुई छक्का प्रहार गर्दा मार्क वाटको बलमा नजिबुल्लाह जड्रानको हातबाट क्याच आउट भए । त्यस्तै, २५ बलमा तीन चौका सहयोगमा २७ रन बनाएका आरिफ शेख नन्दन यादवको बलमा बोल्ड आउट भए । हरमित सिंहले १९ र क्रिस लिनले १८ रन थपे ।

स्कट कुग्लेजिन १० रनमा बोल्ड आउट भए । विनोद भण्डारी ११ रन बनाउँदा एलबीडब्लुको धरापमा परे । कर्णालीका लागि सोमपाल कामीले तीन विकेट लिए । त्यस्तै, नन्दन यादवले दुई, मार्क वाट, विपिन शर्मा र युवराज खत्रीले एक-एक विकेट लिए । मंगलबार काठमाडौं गोर्खाज र लुम्बिनी लायन्सबिच अपराह्न ४ बजे प्रतिस्पर्धा हुनेछ ।

# कांग्रेसमा महाधिवेशन विशेष कि नियमित ?

**लुम्बिनी संवाददाता**
*बुटवल*

कांग्रेसले एक महिनाभन्दा लामो समयसम्म केन्द्रीय समिति बैठकमा छलफल गरे पनि चुनावअघि वा पछि कहिले महाधिवेशन गर्ने, नियमित वा विशेष कुन महाधिवेशन गर्ने भन्ने निष्कर्ष निकाल्न सकेको छैन । महाधिवेशनबारे निर्णय गर्न भन्दै मंसिर ११ गतेका लागि केन्द्रीय समिति बैठक बोलाइएको छ ।

महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले पुसभित्र नियमित महाधिवेशन गर्न नसक्ने हो भने विशेष महाधिवेशनको विकल्प नहुने बताइरहेका छन् । नेता शेखर कोइरालाले पनि केन्द्रीय समितिबाट सर्वसम्मत निर्णय गरेर विशेष महाधिवेशनमा जान सकिने बताएका छन् ।

तर सभापति शेरबहादुर देउवा पक्ष महाधिवेशन मितिबारे एकमत छैन । देउवानिकट २७ जना केन्द्रीय सदस्य चुनावअघि महाधिवेशन गर्नुपर्ने पक्षमा छन् भने ८० जनाभन्दा बढी केन्द्रीय सदस्य चुनावपछि बैशाखमा महाधिवेशनका पक्षमा छन् ।

## देउवाको हस्ताक्षरमा टिकट वितरण हुन्न:गगन



कांग्रेसका महामन्त्री गगनकुमार थापाले आगामी निर्वाचनमा सभापति शेरबहादुर देउवाको हस्ताक्षरमा टिकट वितरण नहुने बताएका छन् । सामाजिक सञ्जाल फेसबुकमार्फत् थापाले पार्टीका नेताहरूले वर्तमान सभापतिकै हस्ताक्षरमा चुनाव लड्ने हो ? भनेर सोधिरहेको भन्दै उनले यस्तो हुन नदिने बताएका छन् । विधान बमोजिम विशेष महाधिवेशन हुने र उक्त महाधिवेशनबाट नयाँ सभापति निर्वाचित हुने थापाको भनाइ छ । टिकटमा तीनै नयाँ सभापतिको हस्ताक्षर हुने उनले बताए ।

'बिहानदेखि धेरै साथीहरूले सोधिरहनुभएको छ 'पार्टीले वर्तमान सभापतिज्यूकै हस्ताक्षरमा चुनाव लड्ने भएको हो ? मैले भने, होइन्,' उनले भने-'साथीहरूले फेरि सोध्नुभयो कसरी ? मैले भनें, प्रष्ट छ अब विधान बमोजिम समयभित्रै विशेष महाधिवेशन हुन्छ । त्यहीँबाट नयाँ सभापतिको निर्वाचन हुन्छ । नयाँ सभापतिको हस्ताक्षरसहित निर्णय सच्चिएर निर्वाचन आयोगमा जान्छ । नयाँ नीति र नेतृत्वसहित त्यही हस्ताक्षरमा पार्टी चुनाव लड्छ ।'

फागुन २१ गते प्रतिनिधिसभा निर्वाचन हुँदैछ । उनले यसै कारणका लागि आफूले निर्वाचनअघि महाधिवेशन हुनुपर्छ भन्दै आएको पनि स्पष्ट पारेका छन् । थापाले विशेष महाधिवेशनको विकल्प नभएको भन्दै अलमलमा नपर्न आग्रह गरेका छन् ।

'यही कारण हो हामीले निर्वाचन अगाडि नै महाधिवेशन भनेको, अब विशेष महाधिवेशनको विकल्प छैन् । कुरा स्पष्ट छ, अलमलमा नपरौं ।'-उनले भनेका छन् ।

## राष्ट्रपतिले के भने ?



राष्ट्रपति रामचन्द्र पौडेलले नेपाली कांग्रेसको विशेष महाधिवेशन पक्षधर नेताहरूलाई प्रतिनिधिसभा निर्वाचनको वैकल्पिक बाटो कल्पना नगर्न सुझाव दिएका छन् ।

सोमबार भेटघाटका लागि शीतलनिवास पुगेका कांग्रेसमा विशेष महाधिवेशनको माग गर्दै आएका केही नेताहरूसँग उनले २१ फागुनका लागि तय भएको निर्वाचनबाहेक अन्य वैकल्पिक बाटोको कल्पना नगर्न सुझाव दिएका हुन् ।

'चुनाव हुन्छ । तपाईंहरू चुनावमा जानुस् । चुनावभन्दा अर्को वैकल्पिक बाटो कल्पना पनि नगर्नुस् ।'- भेटमा सहभागी कांग्रेस लुम्बिनीका सभापति अमरसिंह पुनले राष्ट्रपतिको भनाइ उद्धृत गर्दै भने ।

राष्ट्रपति पौडेल निर्वाचनबाटै मुलुकलाई निकासतर्फ लैजानु पर्ने पक्षमा रहेका उनको भनाइ छ । 'चुनाव हुन्छ, चुनावबाटै निकास निकाल्नुपर्छ भन्ने मान्यता छ, उहाँको ।'- प्रदेश सभापति पुनले भने ।

राष्ट्रपति पौडेलले कांग्रेसका नेताहरूलाई मिलेर जान र नेतृत्वलाई व्यवस्थित गर्न पनि सल्लाह दिएका छन् । राष्ट्रपतिसँगको संवाद मुख्यतया राजनीतिक निकास र समयमै निर्वाचन गराउने विषयमा केन्द्रित रहेको उनले बताए ।

राष्ट्रपतिको भनाइ उद्धृत गर्दै पुनले भने-'तपाईंहरू मिलेर जानुस् र कांग्रेसलाई पनि सुधारेर लैजानुस्, नेतृत्वसँगको सल्लाहमा निकास निकालेर विधानसम्मत नेतृत्व चयन गर्नुस् ।'

नेताहरूले निर्वाचनको वातावरण निर्माणका लागि सरकारले दलहरूसँग संवाद बढाउनुपर्ने विषय पनि राष्ट्रपति समक्ष राखेका थिए ।'निर्वाचनको वातावरण बनाउन सरकारले अलि फरक ढंगले काम पनि गर्नु पर्छ,' पुनले राष्ट्रपतिसँगको कुराबारे भने-'तपाई अभिभावक भएकाले त्यही रुपमा सरकारलाई भन्नु पऱ्यो भन्ने कुरा राख्यौं ।'

## पुषभित्रै नियमित महाधिवेशन गर्न सकिन्छः विश्वप्रकाश



महामन्त्री विश्वप्रकाश शर्माले भने इलाम पुगेर अझै पुस मसान्तभित्रै नियमित महाधिवेशन गर्न सकिने विकल्प अघि सारेका छन् ।

पुस अन्तिम साताका लागि नियमित महाधिवेशन गर्नेगरी अबको बैठकबाट कार्यतालिका निर्माण गरिनुपर्ने उनको माग छ । 'महाधिवेशन तयारी क्रममा केही दिन समय नपुग्न सक्ने अवस्था देखिए, थप १५ दिन समय लिएर महाधिवेशन सम्पन्न गर्ने ।'-उनले सोमबार इलाम सदरमुकाममा कार्यकर्ताहरुलाई सम्बोधन गर्दै भने ।

शर्माले फागुन २१ को निर्वाचन पनि सर्न सक्ने अनुमान व्यक्त गरेका छन् । 'समानुपातिकको सूची बुझाउने मिति या फागुन २१ को चुनाव पनि केही पछि सर्न सक्छ, शान्तिपूर्ण वातावरण बन्नुपर्ने आवश्यकता र हिमाली क्षेत्रको मौसमी प्रतिकूलता दृष्टिगत गरेर थोरै पछि सर्न सक्ने सम्भावनालाई राजनीतिक सहमतिमार्फत् हल खोज्नु उत्तम हुनेछ ।'- उनले भने ।

# रूपन्देहीमा २९ हजार ८ सय मतदाता थपिए



**मोहम्मद हबिब**
*भैरहवा*

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचनका लागि सुरु भएको नयाँ मतदाता नामावली दर्ताका लागि रुपन्देहीबाट २९ हजार ८ सय ४२ जनाले आवेदन दिएका छन् । असोज १० गतेदेखि सुरु भएको मतदाता नामावली दर्ता तथा अद्यावधिक मंसिर ५ गते सम्म भएको हो । जिल्ला निर्वाचन कार्यालय रुपन्देहीका प्रमुख जिल्ला निर्वाचन अधिकारी कल्पना अर्यालका अनुसार, कार्यालयमा आएर फोटो तथा औंठाछापसहितको जैविक विवरण (बायोमेट्रिक्स) मार्फत् १२ हजार २ सय ८ जना र राष्ट्रिय परिचयपत्रमार्फत् १७ हजार एक ६ सय ३४ जनाले नयाँ मतदाताका लागि नाम दर्ता गराएका हुन् ।

मतदाता नामावलीमा नाम दर्ता गराउन आउने अधिकांश २५ वर्षमुनिका रहेका छन् । 'समय ढल्किँदै जाँदा नामावली दर्ता गराउन आउनेको संख्या बढिरहेको पाएको हौं, राष्ट्रिय परिचयपत्रमार्फत् पनि नामावली दर्ताको व्यवस्था गरेसँगै ठूलो संख्यामा नाम दर्ता भएको छ ।'-जिल्ला निर्वाचन अधिकारी अर्यालले भनिन् ।

आयोगले राष्ट्रिय परिचयपत्रको विवरणका आधारमा मतदाता नामावलीमा नाम दर्ता गराउन मिल्ने गराएपछि कार्यालयमा पुगेरभन्दा धेरै मतदाताले राष्ट्रिय परिचयपत्रमार्फत् अनलाइनबाट नाम दर्ता गराएकोले यो संख्या दोब्बर बढेको हो । जिल्लाका सबै निर्वाचन कार्यालयबाट मतदाता नामावली दर्ता गर्न सकिने व्यवस्था रहेको थियो । अस्थायी बसोवास गर्ने बाहिरी जिल्लाका मतदाता नामावलीको पनि नाम दर्ता भए पनि, मत हाल्न तोकिएकै स्थायी ठेगानाको केन्द्रमै जानु पर्छ । रुपन्देही कार्यालयमा आइ दर्ता गरेको मध्ये १० हजार ३ सय २२ जनामात्रै यस जिल्लाका रहेको र १ हजार ८ सय ८६ जना बाहिरी जिल्लाका मतदाताले नामदर्ताको आवेदन दिएको सूचना अधिकारी कल्पना शर्माले जानकारी दिइन ।

शर्माका अनुसार असोज १० गतेसम्म रुपन्देहीको कुल मतदाता ६ लाख ४४ हजार ३ सय ५६ रहेको थियो, जसमा महिला ३ लाख १३ हजार ६ सय ७ जना, पुरुष ३ लाख ३० हजार ७ सय ४१ र अन्य ८ जना रहेका थिए । सूचना अधिकारी शर्माले कार्यालयमा आइ दर्ता गराएकोमा पुरुष ६ हजार ८ सय ४३ र महिला ५ हजार ३ सय ६५ जना रहेको बताइन् । दर्ता सकिएपछि अब अद्यावधिकको काम सुरु भएको छ । यसमा त्रुटी सच्च्याउने, ठाउँसारीको अद्यावधिक र राष्ट्रिय परिचयपत्रमार्फत् भरेकाको तथ्याङ्क चेक गरी भेरिफाई गरी मतदाता नम्बर पठाउने काम भइरहेको उनले जानकारी दिइन । निर्वाचन मिति घोषणा भएपछि नामावली दर्ता गर्न पाइँदैन, तर अध्यादेशमार्फत् सरकारले कार्तिक मसान्तसम्म नामावली दर्ताको लागि खोलेको थियो, पछि चाप बढेपछि ५ दिन थप गरी मंसिर ५ गतेसम्म पुऱ्याएको थियो ।

तालिकाअनुसार मङ्सिर १ देखि १० गतेसम्म राजनीतिक दलहरु दर्ता हुनेछन् । माघ २ गतेदेखि निर्वाचन अधिकृतको कार्यालय स्थापना हुनेछ र माघ ६ गते उम्मेदवारको मनोनयन पत्र दर्ता र सूची प्रकाशन, ७ गते दाबी विरोध, ८ गते नामावली प्रकाशन, ९ गते उम्मेदवारी फिर्ता, अन्तिम नामावली प्रकाशन र चुनाव चिन्ह प्रदान, फागुन ३ देखि १८ गतेसम्म निर्वाचन प्रचारप्रसारको समय तोकिएको छ । एक मतदान केन्द्र थप्न प्रस्ताव रुपन्देहीमा एक मतदान केन्द्र थप्नका लागि निर्वाचन आयोगमा सिफारिस गरिएको छ ।

प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहेको जिल्ला मतदानस्थल तथा मतदान केन्द्र सिफारिस समितिको बैठकले बुटवल उप-हमानगरपालिका ११ मा मतदान केन्द्र थप्न आयोगमा सिफारिस गरेको छ । ठूलो वडा रहेकोले केन्द्र थप्न आवश्यक रहेकाले सोही बमोजिम आयोगमा प्रस्ताव पठाएको छ । रुपन्देहीमा ५ वटा प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्रमा यसअघि दुई सय आठवटा मतदान स्थलमा ७ सय दुईवटा मतदान केन्द्र रहेको थियो ।

पाल्हीनन्दन गाउँपालिकाको अनुरोध

चिसो तथा शीतलहरको समयमा,
- मौसमी रुघाखोकी, भाइरल ज्वरो, छातीको समस्या, दम , निमोनिया, झाडापखाला, छाला चिलाउने र सुख्खा हुने, जोर्नी दुखाई, पिनास (साइनसाइटिस), टन्सिल, हृदयघात लगायतका स्वास्थ्य समस्या देखा पर्न सक्छन् ।
- यो रोगले बालबालिका, वृद्धवृद्धा तथा दीर्घरोगीहरु बढी प्रभावित हुन्छन् ।
- उनीहरुको विशेष ख्याल राखौं ।
- बाक्लो र न्यानो कपडा लगाऔं ।
- तातो, पोषिलो र झोलिलो खानेकुरा खाऔं र खुवाउँ ।
- स्वास्थ्यमा ध्यान दिऔं, कुनै समस्या देखिए नजिकैको स्वास्थ्य संस्थामा जाऔं ।

अनुरोधक :
पाल्हीनन्दन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नवलपरासी(ब.सु.प.), लुम्बिनी प्रदेश, नेपाल

## सम्पादकीय

# कांग्रेसको अन्यौल हटाऊ

मुलुकको पूरानो पार्टी कांग्रेस यतिखेर आगामी महाधिवेशन कहिले गर्ने भन्ने बारेमा अनिर्णयको बन्दी भएको छ। एकमहिना लामो छलफल गर्दा पनि केन्द्रीय समितिले कुनै निकास निकाल्न सकेन् । साताअघि सिंगापुरबाट फर्किएका सभापति शेरबहादुर देउवाबाट निकास निस्कने आशा गरेका कांग्रेस नेता कार्यकर्ता अहिले निराश छन् ।

विशेष महाधिवेशनको माग गर्दै ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिले माग गरेकाले महामन्त्री गगन थापालगायत विशेष महाधिवेशनको पक्षमा दरिलो ढंगले उभिएका छन् । महामन्त्री थापाले आगामी चुनावको टिकटमा शेरबहादुर देउवाको हस्ताक्षर नहुने भन्दै प्रष्ट सन्देश दिएका छन् । सभापति देउवाको समूह आगामी चुनाव अघि महाधिवेशन नगर्ने अडानमा छ । महाधिवेशन नियमित गर्ने र चुनावपछि गर्ने त्यो समूहको बटमलाइन देखिन्छ । देउवा निकट केही केन्द्रीय सदस्य चुनाव अघि नै नियमित महाधिवेशन गर्न सकिने विकल्प दिएका छन् । मुलुकमा यतिखेर अन्यौल, द्विविधा र भयको वातावरण छ । यो बेला प्रमुख राजनैतिक दलले कमिकमजोरीको समीक्षा गरी मुलुकको निराशा र अन्यौललाई चिर्नुपर्ने अभिभारा छ । कांग्रेस पुरानो र लामो समय मुलुकको शासन प्रक्रियामा सहभागी लोकतान्त्रिक पार्टी भएकाले पनि उसको भूमिका अझै बढी छ । मुलुकको यो अवस्था आउनुमा प्रमुख राजनैतिक दलको भूमिका कुनै न कुनै रूपमा जिम्मेवार छ । नीतिको व्यवहारमा कार्यान्वयनमा कमजोरी, आचरणमा चुक हुँदा मुलुकमा अराजकता हावी भयो, राज्य संयन्त्रलाई खरानी बनाउने काम भयो । जे भयो, त्यो कमजोरीलाई स्वीकार गर्दै पुनः राजनीतिको मियो बन्न दलहरु उठ्नै पर्छ, किनकि जिम्मेवार राजनैतिक दलले नै हो, मुलुकको नेतृत्व गर्ने । कांग्रेसको अहिलेको कचिङ्गलको व्यवस्थापन अहिलेको माग हो । विगतमा झैं अल्झिएर बस्ने छुट कुनै दललाई छैन । दलहरु बलिया भएर उठ्न सक्दा मात्रै मुलुकको अराजकता निस्तेज हुन सक्छ ।

अर्को प्रमुख दल एमालेले महाधिवेशनको घोषणा गरिसक्यो । मंसिरको अन्तिम साता महाधिवेशन सम्पन्न गरी एमालेले लय समात्ने तरखरमा छ । एमालेझैं अरु दल पनि अन्यौल र दिशाहिन भएर होइन्, लयमा हिंड्न ढिलाइ गर्न हुन्न । चुनाव अघि नै महाधिवेशन हुनसक्दा बदलिदो परिवेशको सम्बोधन हुने भएकाले त्यसका लागि नेतृत्व अग्रसर हुन सक्नुपर्छ । महाधिवेशन लोकतान्त्रिक पार्टीको नियमित प्रक्रिया भएकाले त्यसलाई स्वभाविक लिनुपर्छ । आशा गरौं,–यही मंसिर ११ गते बस्ने केन्द्रीय कमिटीको बैठकले महाधिवेशनबारे निर्णय गर्नेछ ।

# इतिहास स्मरण गरौं

टेकराज पौडेल

(मष्ट फरक हो, हिन्दू फरक हो भनेर भन्नेहरुले यो आलेख राम्रोसँग पढ्दा हुन्छ । राप्रपा या आर एस एस त्यसको नेपाली शाखा एच एस एस , मण्डलेहरुले जस्तो हिन्दू हिन्दू भनेर मात्रै हुँदैन पृथ्वीपथ र वैदिक समाजवादको नेपाल एकीकरणको जग र हाम्रो मौलिकता पहिला बुझ्नु पर्दछ ।)

हिमालय कैलाश पर्वत एवम् पञ्चकैलाश क्षेत्रका ओरपर रहेका पार्वतीका माइतीहरू जसले शिव महादेवलाई जवाइँ इष्ट देव मान्नेहरूले शिवलाई अरूहरूले 'महादेव' (महा + देव = महादेव) भनेर सम्बोधन गर्दा यीनीहरूले महादेवका सट्टामा महा + इष्ट = महाइष्ट भने, महाइष्ट महाइष्ट भन्दाभन्दै कालान्तरमा अपभ्रंश भएर बोलचालमा 'मष्ट' भनेर सम्बोधन गर्न थाले । यिनै मष्ट भनेर शिव पूज्ने खसहरूलाई 'मष्टो' सम्प्रदायका (हिमावत खण्ड जडान+खषानलगायतमा बस्नेहरूलाई) भनिन्छ, यिनीहरू शिव शाक्तलाई विशेष महत्वका साथ पुज्दछन् ।

देवराज इन्द्र, इन्द्रका छोरा जयन्त पनि यहीँ रहेर शिव पूज्ने वा मष्ट मानेकाले मष्टो नै भनिए, यसै गरी शिवका साथमा हिंड्ने गणहरूका सन्ततिहरू पनि सनातन् शिव पूजक भएकाले मष्ट पुज्नेहरूले मष्टो नै भने । यी सबै हिमावत खण्ड जडान+खषान मै बस्नेहरू मष्टो (जयन्त नन्दीहरू महामष्टपूजक भएकाले नै यिनीहरलाई वा यिनीहरूका सन्ततिहरूताई पनि मष्टो भनिएको हो ।) हुन पुगे । अतः यिनीहरूले पुज्ने मष्ट वा महामष्ट भनेका देवाधिदेव महादेव शिव नै हुन् ।

कैलाश पुगेर महादेव शिवको पूजा आराधना गरेर मानसरोवर बाट जल ल्याएर मात्र मष्टको पूजा गर्ने मष्टो धामीहरूको कुलपरम्परा रहेको कुराले पनि यो महादेव शिवलाईनै मान्ने सनातन परम्परा हो भन्ने प्रमाणित गर्दछ ।

महादेव शिवलाई जसरी नाथ परम्परामा 'आदिनाथ', याक्थुङ् लिम्बुहरुले 'थेबा', राईहरुले 'पारुहाङ्' भनेर स्यम्भू महादेवलाई नै भने जस्तै मष्टो परम्परामा 'महामष्ट' भनेको पनि महादेव शिव नै हुन् ।

अछामको प्राचीन वैद्यनाथ धाममा महादेव शिवलाई 'वैद्यनाथ' भनिएको छ । यसरीनै दैलेख र कालीकोटको सिमानामा अवस्थित अग्लो पहाडको पाटनमा महादेव शिवको प्राचिण धाम महावु धाम अवस्थित छन् । यहाँ शिवलाई 'महाबु' पनि भनेको देख्दछौ । रसुवा जिल्लामा गोसाइँकुण्ड छन् । 'गोसाईँ' भनेका पनि उनै महादेव शिव नै हुन् । तेसैले गोसाइँकुण्डलाई शिवकुण्ड पनि भन्ने गरिन्छ ।

अतः हामी सबैले 'महामष्ट' भनेका पनि उनै महादेव शिव हुन् भन्ने कुरामा स्पष्ट हुनुपर्छ । हिजो आज विखण्डनकरीहरूले मष्ट वा महामष्ट मान्नेहरू भिन्नै धर्मका हुन भनेर सनातन हिन्दू धर्मबाट विछुट्याउन लागिपरेका छन् । संसारै भरी सनातन देखि उनै महादेव शिवलाई अनेकन नामले पुकारेको यथार्थता हामी सबैले मनन् गर्नुपर्दछ । महामष्ट पुज्ने मष्टोहरू वेदका रक्षकहरू पनि हुन् । मष्टोका बाँठवालाका धामीहरूले अझै धामी परम्परामा मष्टका माण्डौहरूमा धामीहरूमा शक्ति जागेर (औतियर) वाणी फतुर्न (धमेलो) थाले पछि संस्कृत नपढेकाहरूले पनि वेदका ऋचाहरू बकने गरेको देखिन्छ । कति धामीहरूले त वेदनै मुखाग्र भन्ने गरेको स्थानीयहरू बताउँछन् ।

मष्ट सम्प्रदायमा विशेष १२ भाइ मस्ट र नौ भवानी पूजिन्छन् । मष्ट सम्प्रदायमा १२ भाइ मस्ट भनेको महामस्ट शिव १ र शिव यानि रूद्रका ११ वटा प्रमुख अवतारहरूलाई जोडेर भनिएको हो । मष्टका विभिन्न स्थान र अवस्थिति मा भिन्नाभिन्नै नाम र रूपमा पुकारेको पाइन्छ । रूद्रले असत्य अत्याचारको संहारकालागि महारौद्ररूप धारण गरेको स्वरूपहरूलाई 'दाह्नेमष्ट' का रूपमा पूजा गरीन्छ । रूद्रले सुशासन स्थापना गरी सञ्चालन गर्दाको स्वरूपहरूलाई 'रजवालीमष्ट' का रूपमा पूजागरीन्छ एवम् रूद्रका सौम्यरूपको स्वरूपहरूलाई 'दुधेमष्ट' का रूपमा पूजा गरिन्छ । यसरी १) दाह्नेमष्ट २) रजवालीमष्ट र ३) दूधेमष्ट गरी तीन प्रकारका धेरै नामका मष्टहरू विभिन्न स्थानमा पूजेको देखिन्छ ।

जस्तै; शम्भू मष्ट , कैलाश मष्ट, भैंरु मष्ट, सिद्ध मष्ट, हिमाल मष्ट, ढुङ्गाशिलत मष्ट जस्ता यी नामहरू हेर्दा शिव वा भैरव नै मष्ट देव हुन भन्ने कुरा झनै प्रष्ट हुन्छ । शिव वा भैरवलाई विभिन्न स्थानहरूका थानहरू भएका ठाउँअनुसार भिन्नाभिन्नै नामले पुकारेको मात्र हो भन्ने कुरा अवगत हुन्छ ।

चौरासी प्रकारका मष्टोहरूलाई यसरी पुकार्ने गरिएको छ; १) दूडाँल मष्ट २) दाहे मष्ट ३) कुवाँ मष्ट ४) खापर मष्ट ५) बाबिरा मष्ट ६) लाँकुरी मष्ट ७) बूड्डु मष्ट ८) सिम मष्ट ९) बामदेव मष्ट १०) लाटो मष्ट ११) गुरौं मष्ट १२) वनपाल मष्ट १३) टुसापानी मष्ट १४) टेढो मष्ट १५) मुडुलो मष्ट १६) कैलो मष्ट १७) सुन्दर गाउँ मष्ट १८) लडे मष्ट १९) विनायक मष्ट २०) सुनार गाउँ मष्ट २१) रामपाली मष्ट २२) वनपाल मष्ट २३) दुवे मष्ट २४) सुम्ले गुरो मष्ट २५) राग्मचुला मष्ट २६) भूइँयार मष्ट २७) रुमाल मष्ट २८) दूधे मष्ट २९) कालसिल मष्ट ३०) बान्की मष्ट ३१) थुर्पा मष्ट ३२) बाँ मष्ट ३३) लिउँडी मष्टो ३४) कुमी मष्ट ३५) ढुङ्गाशिलत मष्ट ३६) क्षेत्रपाल मष्ट ३७) उखाडी मष्ट ३८) पुँआले मष्ट ३९) बहिरो मष्टो ४०) मण्डली मष्ट ४१) महादेव मष्ट ४२) महारुद्र मष्ट ४३) देवीथान मष्ट ४४) छल मष्ट ४५) कालो मष्ट ४६) बिजुवा मष्ट ४७) राउटकोट मष्ट ४८) सोलुपाल मष्ट ४९) लोहासुर मष्ट ५०) सिमताडी मष्ट ५१) भइँगुरो मष्ट ५२) दयाशिला मष्ट ५३) कैलाश मष्ट ५४) उत्तरे मष्ट ५५) हिमाल मष्ट ५६) भैंरु मष्ट ५७) तेडीदेव मष्ट ५८) ठिगाल मष्ट ५९) भुइँफुटा मष्ट ६०) महानै मष्टा ६१) धौलापुर मष्ट ६२) बास्को मष्ट ६३) कुलसैन मष्ट ६४) मशाला मष्ट ६५) लेखाडी मष्ट ६६) काफल मष्ट ६७) क्युडी मष्ट ६८) धुरा मष्ट ६९) श्वेता मष्ट ७०) वरनाथ मष्ट ७१) लेह मष्ट ७२) सिद्ध मष्ट ७३) धुर गाउँ मष्ट ७४) शम्भू मष्ट ७५) बाझकोट मष्ट ७६) भातेखोला मष्ट ७७) कुलदेव मष्ट ७८) राहदेव मष्ट ७९) सुपारी मष्ट ८०) धौत्यात्री मष्ट ८१) गन्याप मष्ट ८२) बाइफल मष्ट ८३) सैन मष्ट ८४) ततिकोट मष्टो लगायतका हुन् ।

धेरै ठाउँमा १२ भाइ मष्टहरू भनेर पुज्ने पनि गरिन्छ ।

जस्मा १) थार्पु मष्ट २) बाविरा मष्ट ३) क्वा मष्ट ४) बुड्डु मष्ट ५) कालाशीला मष्ट ६) दुग्धशीला मष्ट ७) मटेश्वर मष्ट ८) छान्ना मष्ट ९) काँडा मष्ट १०) विनायक मष्ट ११) तलिगोठी मष्ट १२) लिउदी मष्ट हुन् । यसैगरी सबै मष्टोहरूले पुज्ने महामष्ट, मष्ट एवम् मातृशक्तिका मुख्य नौ स्वरूपहरूमा नौ भवानीहरू सतिदेवी पार्वती लगायत शक्तिस्वरूपा नवदुर्गा देवीका नौ रुपहरू नवदुर्गा; १) शैलपुत्री २) ब्रह्मचारिणी ३) चन्द्रघण्टा ४) कूष्माण्डा ५) स्कन्दमाता ६) कात्यायनी ७) कालरात्री ८) महागौरी ९) सिद्धिदात्री हुन् । मसग्र 'मष्टो' हरूले शक्ति वा शक्तिस्वरूपा को महत्वका साथ पूजा, आरधना गर्ने गर्दछन् । अठार डाईनी मसानी भूत पिचासको पनि पूजा हुन्छ ।

मष्टोहरूले अत्यन्तै आस्था राख्ने बडीमालीका मालीका कलीका देवीहरू प्रमुख हुन् । बडीमालीका भनेकी सतिदेवी हुन् । मालीका भनेकी पार्वती हुन् । कालिका भनेकी काली देवि हुन् । काली देवीका अन्यरूपहरूलाई चौसट्ठी योगीनी भनिन्छ । (भद्रकाली, कालरात्री, महालक्ष्मी, महासरस्वती, माहेश्वरी, विंध्यवासिनी, अम्बिका, महामाया, वाराही, यमुना, छिन्नमस्तिका, वैष्णवी, बेताली, नर्मदा, कौमारी, उमा, नारायणी, समुद्रा, बिरुपा, चामुण्डा, गङ्गालगायत चौसट्ठी स्वरूपमा पूजिन्छन् ।

सुदूरपश्चिम लगायत कर्णाली क्षेत्रमा गौरा पर्वमा गौरा-महेश्वरको शुभविवाहको उत्सव स्वरूपमा मनाईन्छ । गौरापर्व मनाउँदा गाउने चैत, ढुस्का, धुमारी गीतहरूमा शक्ति जागरणका गीतहरू हुन्छन् । यसमा राष्ट्रका ऐतिहासिक वीरपुरुषहरूको बहादुरीको वीरताको गाना पनि गाइन्छ । नेपाल भरी पश्चिमदेखि पूर्वसम्मै धेरै स्थानहरूमा महादेव शिव (भैरव) बडीमालीका मालीका कलीका एवम् देवीहरूलगायत योगीनीहरूका मन्दिर शक्ति पिठहरू छन् जहाँ मष्टोहरू लगायत सम्पूर्ण सनातनीहरूले उत्तिकै श्रद्धाले पुज्दछन् ।

मष्ट पूज्दा मष्टोहरूले घरमाडू वनमानडूका थानहरूमा सेता राता धजा चढाउँछन् । माडुमा त्रिशूल, रुद्राक्षका माला, चवँर, धुप, दिप, शंखघण्ट, डमरू हुन्छन् । शिरमा लामा लामा शिखा राखी धातुवा काठको दण्डमा धजा चवँर बाँधेर राजदण्ड बनाई पूजाथानमा थापनागरी मष्टको धामी डाँगरद्धारा पूजा आरधना गरीन्छ । मष्टको आरधना गरी धामी डाँगरमा शक्ति सञ्चार हुँदा डाँगरहरू काम्पायमान हुँदै फतुर्न (वानी निस्कन) थाल्दछन् ।

पञ्चकैलाश क्षेत्रका मष्टो पूजकहरूको भाषा जड्+खसान (प्राचिन संस्कृतबाट बनेको) भाषा हो । खसभाषा कालक्रमैले परिमार्जित हुँदै अहिले नेपाली राष्ट्रियभाषा भएको छ । यो नेपाली भाषाहरूको मूल मातृभाषा संस्कृत हो । संस्कृत भाषाको व्याकरणकार 'महेश्वर सूत्र' को उत्पत्ति भगवान नटराज (शिव) द्वारा गरिएको ताण्डव नृत्यका डमरुका नाद टङ्कारबाट भएको हो । मष्टोहरूको 'फाग', 'सगुन', 'हुड्केली' एवम् 'भारत' जस्ता लोक संस्कृतिमा मष्टोको प्रमुख सम्बन्ध देवाधिदेव महादेव, शक्तिस्वरूपा सती पार्वती, देवराज इन्द्रसँग रहेको र थानहरूमा त्रिशूल, सेता र राता धजाहरूमा सेता धजा शैवको प्रतिक र राता धजा शाक्तका प्रतिक हुन् । मष्ट पूज्ने मस्टो (जड-खसान) हरूको नृत्य हुड्केलीलगायतका नृत्यगर्दा पनि महादेव कै हातमारहने अनहदनादको प्रतिक डमरू बाजा बजाउने गर्दछन् । माण्डौ (पूजास्थल) हरूमा मूलधामी बस्ने गादीहुन्छ । यो गादी इन्द्रासनकै आसनको प्रतिक र धातुको दण्डमा धजाबाँधेको दण्ड राजदण्डकै प्रतिक हो । 'इन्द्रका पुत गोसाई मण्डालनीका जाय' भनि गाउने फागले पनि यो कुरा प्रष्ट हुन्छ ।

हाल समाजमा परम्परागतरुपले पितापूर्खादेखि मान्दै आएका कूल पित्री रीतिथिती, संस्कार, परम्परा बिथोल्दै धर्मबाट बिछुट्ट्याईमा हुत्याउने र पछि आफ्नो रीलिजनमा हुल्ने ध्येयमा प्रचक्रीहरू द्वारा परिचालीत फण्डमा चल्नेहरूले मष्टो पूजकलाई विभिन्न बहानामा तिमीहरू हिन्दू हैनौ भनेर भ्रमजालमा पार्न सलबलाई रहेको देखिन्छ । यिनीहरूले मष्टोहरूलाई प्रकृति पूजक मात्र हौ हिन्दू होइनौ भन्दछन् । हिन्दू मष्टोलाई प्रकृति पूजक मात्र हौ भनेर बिछुट्याउन चाहने धूर्तहरूले सनातन हिन्दूहरू जस्ले, गौरीशङ्कर पञ्च कैलाश हिमालयदेखि गोवर्धन पर्वतसम्म अनेकन पहाड पर्वत पूज्नेहरू प्रकृति पूजक नदेख्नु ! पिपल, बर, तुलसी, कुशसम्मका अनेकन वृक्ष जडीबुटीहरू पूज्नेहरूलाई प्रकृति पूजक नदेख्नु, नाग, गाई, गोरू, कुकुर, कौवा , गरूढ, गजलगायत अनेकन जीवजन्तु जनावरहरू पूज्नेलाई प्रकृति पूजक नदेख्ने ! गङ्गा देखि गङ्गासागरसम्म सम्पूर्ण जलका जलधारा तालतलैयादेखि कुण्डसम्म पूज्ने सनातनीहरूलाई प्रकृति पूजक नदेख्ने ! धरती आकाश चन्द्रमा सूर्यदेखि नवग्रह तारा नक्षेत्रसम्मका आकाशीय पिण्डहरू पूज्ने सनातनीहरू प्रकृति पूजक नहुने तर सनातनबाट बिखण्डनका लागि मष्टो मात्र प्रकृति पूजक हुन भन्ने ! ? यो सनातन धर्ममा आघात गर्ने विखण्डनकारीहरूको निकृष्ट ध्येय पञ्चभूत तत्वका भूमि, जल, अग्नि, वायु , आकाशसम्म सबै पूज्ने सनातन हिन्दूहरूहुन भन्नेकुरा सबैलाई संज्ञान होवस् !

धूर्तहरूले हिन्दू धर्म त इण्डियाबाट आएको धर्म हो भन्न सम्म भ्याउँछन्, यिनीहरूले हिन्दू शब्द हिमालयबाटै बनेको र सनातन हिन्दू धर्मकै आदिउद्गम यहीँ भएको कुरा छिपाउँछन् । यात हिमालयका पाँच खण्ड मध्ये मानसखण्डमा प्रथम मनुष्य मनुको प्रदुर्भाव भएको र यिनै मनुको उत्पत्ति स्थल भएकाले यस खण्डलाई 'मानस खण्ड' भनिएको थाहा नभएर हो । मानु कै नामबाट मनुका सन्ततिहरूलाई मनुष्य भनियको हो । यो थाहा नभएर हो भनौ भने वेदको भाष्य यहीँ हिमालयका काखमा हिमनदीका सङ्गममा भएको कुरा थाहा नै होला, तर पनि जुन् मष्टोहरू सनातन शिव शाक्त हिन्दूधर्मका खास संवाहकहरू हुन् यिनैलाई स्वधर्म परम्पराबाट बिछुट्ट्यायर बिथोल्न अनेकन तरका अफवाह फैलाएर गिजोल्ने कुचेष्टा गर्दै लागिपरेकाहरू देखिन्छन् । यस्ता धर्म नै नमान्नेहरूनै यसरी निर्लज्ज भएर अनेकन तरहले अफवाह फैलाउँदै सनातन धर्मबाट बिछुट्ट्याउन खुल्लम खुल्ला निकृष्टहरू लगेको समाजिक सञ्जालहरूमा छरपष्ट देखिन्छ । तेस्ता मिसनका ध्रुत सिकारीहरूको भ्रमजालमा सनातन हिन्दूहरू कोही पनि पर्नुहुँदैन, हामी सबै मष्टपूजकहरूलाई यो कुराको संज्ञान हुनुपर्दछ !

मष्टो सम्प्रदाय विशुद्ध शैव एवम् शाक्तको प्रतिनिधित्व गर्ने प्राचिण एवम् प्रमुख एक परम्परा हो !

ॐ नमः शिवाय !

जय महामष्ट ! कपि रोशण शाह

जय किँरातेश्र्वर !

जय आदिनाथ !

# नेप्से परिसूचक ४७ अङ्कले बढ्यो



काठमाडौँ । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक सोमबार ४७ दशमलव २२ अङ्कले बढेको छ ।

नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक आइतबारको तुलनामा एक दशमलव ८१ प्रतिशतले बढेर दुई हजार ६४७ दशमलव ४४ अङ्कमा पुगेको छ । ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक सात दशमलव ८४ अङ्कले बढेर ४५६ दशमलव १३ अङ्कमा पुगेको छ । नेप्से परिसुचकसँगै कारोबार रकमसमेत बढेको छ ।

कूल ३३० कम्पनीको एक करोड ४२ लाख चार हजार ३६२ कित्ता शेयर रु सात अर्ब तीन करोड ५४ लाख ८० हजार १३६ मा खरिद बिक्री भएको छ ।

नेप्सेका अनुसार कारोबार भएका सबै समूहका उपसूचकहरु बढेका छन् । कारोबार रकमका आधारमा नेपाल लाइफ इन्सोरेन्स शीर्ष स्थानमा रहेको छ । सो कम्पनीको शेयर रु २४ करोड ८१ लाख ५१ हजार ५४६ मूल्य बराबरको कारोबार भई शीर्ष स्थानमा रह्यो । झापा इनर्जी लिमिटेडको शेयरमूल्यमा १० प्रतिशतले वृद्धि भइ सकारात्मक सर्किट लाग्यो ।

त्यस्तै सागर डिस्टिलरी लिमिटेड, बन्दीपुर केवलकार, स्वस्तिक लघुवित्त वित्तीय संस्था र श्रीनगर एग्रोटेक इन्ड्रष्टी लिमिटेडका लगानीकर्ताले नौ प्रतिशतभन्दा बढीले कमाएका छन् । कारोबारमा मविलुङ इनर्जी लिमिटेडको लगानीकर्ताले चार दशमलव ४४ प्रतिशतले गुमाए ।

# हावाको प्रदूषणबाट आँखालाई जोगाउने १० उपाय

प्रदूषण एक गम्भीर समस्या हो, जसलाई हामी नजरअन्दाज गर्न सक्दैनौँ ।

पछिल्ला वर्षहरूमा प्रदूषण उल्लेखनीय रूपमा बढिरहेको छ ।

हावाको प्रदूषणले मौसममा पनि असर गरेको छ भने हामी मुश्किलले ताजा हावा लिइरहेका छौँ ।

हावाको प्रदूषणले वातावरणलाई असर मात्र गर्दैन, यसले हाम्रो स्वास्थ्यमा पनि नकारात्मक प्रभाव पार्छ, विशेष गरी आँखामा यसको असर चाँडो देखिन्छ ।

हावाको प्रदूषणले आँखालाई सुक्खापन, जलन, र लामो समयसम्म असर गर्ने समस्याहरू जस्तै मोतिबिन्दु वा ग्लाकोमा हुनसक्छ ।

**प्रदूषित वातावरणमा आँखाको सुरक्षा गर्न यी १० उपाय अपनाउन सकिन्छ:**

**चस्मा लगाउनुहोस् –**

बाहिर जाँदा युभी सुरक्षायुक्त चस्मा लगाएर हिंड्नुहोस् ।

**आँखा नरगड्नुहोस् –**

यदि आँखामा जलन वा चिलाइरहेको महशुस भए पनि त्यसलाई घोट्ने प्रयास नगर्नुहोस् । यसले संक्रमण फैलाउन सक्छ । यदि असहजता लगातार रहन्छ भने नेत्र विशेषज्ञसँग परामर्श लिनुहोस् ।

**आँखाको सरसफाइ कायम राख्नुहोस् –**

आँखालाई सफा राख्न सफा कपडा, वाइप्स वा सफा पानीले नियमित रूपमा धुनुहोस् ।

**आइ ड्रप प्रयोग गर्नुहोस् –**

ओभर-द-काउन्टर लुब्रिकेटिङ आइ ड्रप प्रयोग गरेर आँखालाई ओसिलो राख्न सकिन्छ, जसले प्रदूषणका कारण हुने सुख्खापन कम गर्छ ।

**घरभित्रको हावाको गुणस्तर सुधार गर्नुहोस् –**



घरमा एयर प्युरिफायर प्रयोग गर्नुहोस् र एलोभेरा जस्ता भित्री बोटबिरुवा राखेर हावाको गुणस्तर सुधार गर्नुहोस् ।

**प्रदूषण उच्च हुँदा बाहिर ननिस्कनुहोस् –**

हावामा धुलो र हानिकारक कणहरू अत्यधिक भएका बेला बाहिरको गतिविधि सीमित गर्नुहोस् ।

**ह्युमिडिफायर प्रयोग गर्नुहोस् –**

कोठाको हावा सुक्खा भएमा ह्युमिडिफायर प्रयोग गरेर उचित ओसिलोपना कायम राख्नुहोस् ।

**पर्याप्त पानी पिउनुहोस् –**

प्रशस्त पानी पिउँदा शरीर हाइड्रेट रहन्छ, जसले आँखा स्वस्थ राख्न मद्दत गर्छ ।

**सन्तुलित आहार अपनाउनुहोस् –**

भिटामिन ए, सी, र इ युक्त खाना खानुहोस्, जसले आँखाको स्वास्थ्यलाई सुदृढ बनाउँछ र प्रदूषणका असरहरू कम गर्छ ।

**आँखा विशेषज्ञसँग परामर्श लिनुहोस् –**

यदि तपाईंलाई आँखामा निरन्तर असहजता वा दृष्टिसम्बन्धी समस्या देखिएमा तुरुन्तै नेत्र विशेषज्ञसँग सल्लाह लिनुहोस् ।

स्वास्थ्य खबरबाट

# खानेपानीको भौतिक १६ र वित्तीय ९ प्रतिशत प्रगति



स्याङ्जा । खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय स्याङ्जाले भौतिक १६ प्रतिशत र वित्तीय ९ प्रतिशत प्रगति हासिल गरेको छ । चालु आर्थिक वर्ष २०८२/०८३ को पहिलो चौमासिक (साउन कात्तिक) अवधिमा खानेपानी कार्यालयले चालु र पुँजीगततर्फ समग्रमा भौतिकतर्फ १६ प्रतिशत र वित्तीयतर्फ ९ प्रतिशत प्रगति हासिल गरेको हो ।

कार्यालयले पहिलो चौमासिकमा चालुतर्फ २० र पुँजीगत शिर्षकमा २० प्रतिशतका दरले प्रगति हासिल गर्ने लक्ष्य लिएको थियो । चालुतर्फको भौतिक प्रगति झण्डै २० र वित्तीय १६ प्रतिशत प्रगति भएकोमा पुँजीगततर्फ भने भौतिकमा करिब १५ र वित्तीयतर्फ ८ दशमल ६० प्रतिशत प्रगति हासिल गरेको हो । चालु र पुँजीगत खर्चको समग्रमा भौतिक १६ र वित्तीय ९ प्रतिशत प्रगति हासिल भएको कार्यालयले जनाएको छ ।

चालु आर्थिक वर्षमा चालु खर्च शीर्षकमा विनियोजित तीन करोड ४२ लाख ५० हजार रुपैयाँको १६ प्रतिशत अर्थात् ५४ लाख ८० हजार र पुँजीगत शीर्षकमा विनियोजित ३७ करोड ७७ लाखको ८ दशमलव ६० प्रतिशतले हुने तीन करोड २४ लाख ८२ हजार दुई सय रुपैयाँ खर्च भएको कार्यालयका इञ्जिनियर कमल बरालले बताए ।

विनियोजित चालु र पुँजीगत शीर्षकको ४१ करोड १९ लाख ५० हजार कुल बजेटको ९ दशमलव २३ प्रतिशतले हुने तीन करोड ८० लाख २२ हजार ९८५ रुपैयाँ खर्च हुँदा समग्रमा १६ प्रतिशत भौतिक प्रगति हासिल भएको इञ्जिनियर बरालले जनाए । यहि अवधिमा पाइप फिटिङ्ग र टुल्स खरिद कार्यको चार वटा ठेक्का लगाएको समेत उनले जानकारी दिए ।

पुँजीगत शीर्षकको संघ विशेष अनुदान आयोजनातर्फ एक करोड ५५ लाख, मर्मत सम्भार तथा प्रणाली सुदृढिकरण आयोजनामा ६ करोड २९ लाख, क्रमागत आयोजनालाई १५ करोड २५ लाख, बहुवर्षीय श्रोत सुनिश्चितका लागि १२ करोड ९३ लाख विनियोजन भएको छ । संघको सशर्त अनुदानतर्फ केन्द्रीय खानेपानी आयोजनाका लागि ५० लाख, जलवायु अनुकूलित वृहत् खानेपानी आयोजनामा ५० लाख र खानेपानी सेवा विस्तार तथा पुनर्स्थापना कार्यक्रमलाई ७५ लाख गरी कुल ३७ करोड ७७ लाख बजेट विनियोजन भएको कार्यालयले जनाएको छ ।

प्रदेश सरकार बनेसँगै स्याङ्जास्थित डिभिजन कार्यालयले स्याङ्जा र कास्की दुबै जिल्लाका आयोजनाहरु सञ्चालन गर्दै आएको छ । दुबै जिल्लामा चार ठूला समेत गरी क्रमागत योजनातर्फ २८१ सञ्चालनमा छन् भने चालु वर्षदेखि थपिएका नयाँ १२१ गरी कुल ४०२ वटा आयोजनाहरु कार्यान्वयनमा रहेको कार्यालयले जनाएको छ । क्रमागत योजनामध्ये अधिकांश योजनाहरु यसैवर्ष निर्माण सम्पन्न हुने छन् ।

कार्यालयका अनुसार गएको आर्थिक वर्ष २०८१/०८२ मा ठूला आयोजनामध्ये कास्कीको मादी गाउँपालिका-४ मा संचालित थुमाकोडाँडा खानेपानी आयोजना ७५ प्रतिशत, मादी गाउँपालिकाकै वडा नं.८-९ को बर्दीमजुरे खानेपानी आयोजना ८० प्रतिशत, पोखरा महानगरपालिका-२४ मा सञ्चालित लौरुकखोला लिफ्टिङ्ग खानेपानी आयोजना ९५ प्रतिशत र स्याङ्जाको कालीगण्डकी गाउँपालिका वडा नं.-४ स्थित बिर्घा सिमलबगर खानेपानी आयोजना झण्डै ९० प्रतिशत काम सकिएको छ ।

गएकै वर्ष स्याङ्जाको चापाकोट नगरपालिकास्थित छरछरे खानेपानी आयोजना, वालिङ नगरपालिकाको ठूलोपँधेर मुल संरक्षण आयोजना, पाँग्रभ्याल रानाथर नेपालीडाँडा लिफ्टिङ खानेपानी आयोजना, झर्ल्याङदीलिफ्टिङ्खानेपानीआयोजना र कालीगण्कडी गाउँपालिकाको खोर्दी खानेपानी आयोजना गरी पाँच आयोजना सकिएको कार्यालयले जनाएको छ ।

त्यसैगरी कास्कीस्थित पोखरा महानगरपालिका-२८ को छहरे देउमाडी लिफ्टिङ् खानेपानी आयोजना र रुपा गाउँपालिका वडा नं.-६ को आपुखोला भार्ले चिसापानी लिफ्टिङ् खानेपानी आयोजना निर्माण सकिएर पूर्णरुपमा संचालनमा आएको सव-इञ्जियनिर आशिष कार्कीले बताए ।

**जेनजी ...**

विद्रोहमा होमिएका युवाविरुद्ध कसिएर षड्यन्त्र गरिरहेको देखिएको भन्दै उनीहरूले विभिन्न माग अघि सारेका छन् ।

**यस्ता छन् उनीहरूका माग**

१. हालसम्मका सबै भ्रष्टाचार छानबिन गर्न अधिकार सम्पन्न आयोग गठन गर ।

२. स्थिर सरकारका लागि प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्रीको निर्वाचन गर ।

३.विदेशमा रहेका नेपाली नागरिकलाई मताधिकारको व्यवस्था गर ।

४. जेनजी विद्रोहलाई तत्काल राजनीतिक आन्दोलन घोषणा गर ।

५. शहीद परिवार र घाइतेको उचित व्यवस्थापन गर ।

६. २३ गते शान्तिपूर्ण आन्दोलनमा भएको दमनको निष्पक्ष छानबिन गरी दोषीउपर कडा कारबाही गर । २४ गतेको घटनालाई निष्पक्ष छानबिन गरी दोषीउपर कडा कारबाही गर ।

७. जेनजी आन्दोलनलगायतका राजनीतिक प्रतिशोधका आधारमा चलाएका मुद्दाहरू फिर्ता गर र विधिको शासन कायम गर ।

८. प्रादेशिक खर्चले देशलाई आर्थिक रूपमा धेरै पछाडि पुर्‍याएको छ, त्यसैले प्रदेश सरकारका अनावश्यक खर्च व्यापक रूपमा घटाउन प्रदेश सरकारको पुनर्संरचना गर ।

९. यी कुराहरु संविधान पुनरावलोकन र सुधार नगरी नहुने भएकाले तत्काल जनभावना बुझी संविधान सुधार गरी मात्र अर्थपूर्ण चुनावतर्फ लाग ।



## जीवन ज्योति माध्यमिक विद्यालय कावासोती

कावासोती नगरपालिका ३, कावासोती, नवलपुर, गण्डकी प्रदेश

### शिक्षक आवश्यकता

प्रथम पटक प्रकाशित सूचना २०८२/०८ /०९ गते

यस जीवनज्योति मावि कावासोतीमा आधारभुत तह (कक्षा १-५) प्रा. वि तहको दरबन्दी रिक्त रहेकाले कावासोती नगरपालिकाको शिक्षा शाखाको च नं ११००. मिति २०८२।०८।०८ मा प्राप्त अनुमतिमा वि व्य स को मिति २०८२।०८।०८ को निर्णयानुसार योग्य. अनुभवी र सक्रिय नेपाली नागरिकका लागि दरखास्त आह्वान गरिन्छ ।

**विज्ञापन** + २ / २०८२ / ०८३

**१ पद** : शिक्षक **२ सेवाको किसिम** : करार

३. **तहः** आधारभुत तह (कक्षा १-५) ४. **माग संख्या** : १

**५ सेवा सुविधा** : नेपाल सरकारको नियमानुसार

**६ निवेदन दस्तुर** : १५०० (एक हजार पाँचसय रुपैया मात्र ।)

**७ योग्यता** : कक्षा १२ उर्तीण वा सो सरह

**८ उमेर** १८ वर्ष पूरा गरि ४० वर्ष ननाघेको

**९ दरखास्त दिने अन्तिम मिति** २०८२/०८/२३ गते कार्यालय समय सम्म

**१० सम्पर्क मिति** : २०८२/०८/२४ थप जानकारीका लागि सम्पर्क नं ९८४१११६१४२, ९८४७२४२७८७

**११ परीक्षा मिति**: सम्पर्क मितिमा जानकारी गराइने छ ।

**११ परीक्षाको किसिम** : लिखित अन्तरवार्ता र आवश्यकता अनुसार कक्षा अवलोकन

**आवश्यक कागजातहरु** : क. हस्त लिखित निवेदन ख- शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपि ग. स्थायी अध्यापन अनुमति पत्र प्रतिलिपि घ- नेपाली नागरिकताको प्रमाण पत्र प्रतिलिपि

**पुनश्च : नेपाल सरकार शिक्षक सेवा आयोगको करार सुचिमा सूचिकृत उम्मेदवारको दरखास्त परेमा अन्य दरखास्त स्वतः निष्कृय हुने छ ।**





**नेपाल सरकार**

**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**

**श्रम तथा व्यवसाय जन्य सुरक्षा विभाग**

**श्रम तथा रोजगार कार्यालय**

**बुटवल**

## श्रम तथा रोजगार कार्यालय, बुटवलको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

**प्रकाशित मितिः २०८२।०८।०९**

यस कार्यालयमा दर्ता भएको जिल्ला रुपन्देही, लुम्बिनी साँस्कृतिक नगरपालिका-०९ स्थित श्री ख्वाजा सप्लायर्स एण्ड सर्भिसेस प्रा. लि. (ईजाजतपत्र नं. ५-क-०३/०८१-०८२) ले श्रम ऐन, २०७४ को दफा ६२ (१) क बमोजिम श्रमिक आपूर्तिकर्ता सम्बन्धी इजाजतपत्र खारेज गरी धरौटी रकम फुकुवा गरी पाउँ भनी मिति २०८२/०७/२६ मा यस कार्यालयमा निवेदन पेश गरेकोले सोको इजाजतपत्र खारेजी गर्दा उक्त संस्थामा कार्यरत श्रमिकहरुको लिनुपर्ने पारिश्रमिक लगायत अन्य कुनै सेवा सुविधा लिन बाँकी भएमा यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा आवश्यक प्रमाण सहित निवेदन दर्ता गर्न यो सूचना प्रकाशित गरिएको छ । अन्यथा निवेदकको माग बमोजिम हुनेछ ।





## विनयी त्रिवेणी गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

**दुम्किबास, नवलपरासी (बर्दघाट-सुस्तापूर्व)**

**गण्डकी प्रदेश, नेपाल**

### आर्थिक प्रस्ताब खोल्ने सम्बन्धि सूचना

प्रथम पटक प्रकाशन मितिः २०८२/०८/०९

उपरोक्त बिसयमा यस कार्यालयको तपसिल बमोजिमको ठेक्कामा तपसिल बमोजिम परेका प्रस्तावहरुमध्ये तपसिल बमोजिमका बोलपत्र दाताहरुको प्राबिधिक प्रस्ताब मुल्यांकनमा उतिर्ण भएकोले निजहरुले पेश गरेको आर्थिक प्रस्ताव सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ ज (५) बमोजिम मिति २०८२/०८/१५ गते दिनको १:०० बजे यस कार्यालयमा खोलिने भएकोले उक्त कार्यमा उपस्थित हुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| S.N. | IFB No: | Procurement Title: | Bidders Name | Address |
|---|---|---|---|---|
| 1 | 05/BTRM/ NCB/Works/ 2082-083 | Dadajor Ghaderitandi Patuke Sadak Starunnati | Omkar Builders | Gokarneshwor-12, Kathmandu |
| | | | Shiv Shakti Real State And Saurab Construction Pvt.Ltd. | Bardaghat-4, Nawalparasi |
| 2 | 14/BTRM/ NCB/Works/ 2082-083 | Milan Chowk Shivpurgadhi Tribeni Gajendramoksha Sadak | Jv Name: Akriti- Srp-Precision J/V, Lead: Akriti Malika Construction, Sub: Precision Engineers And Builders Pvt Ltd, Sub: S.R.P. Group Pvt.Ltd | Kupandole, Ward-1 |
| | | | Pratibha Nirman Sewa | Butwa-11, Kalikanagar (Horizon Chowk, Galami Path) |
| | | | Jv Name:Lumbini Sanskritikjaiswal Joint Venture, Lead: Jayeshwal Construction, Sub: Lumbini Sanskritik Associates | Ramgram-12 |
| 3 | 15/BTRM/ NCB/Works/ 2082-083 | Kanikesal Chukaha Bhaisekhola Samma Bato Staronnati | Jv Name: Bhawani/Anjana J.V., Lead: Bhawani National Builders Pvt.Ltd., Sub: Anjana Nirman Sewa | Bharatpur |
| | | | Jv Name: Akriti- Kumar-Precision J/V, Lead: Akriti Malika Construction, Sub: Precision Engineers and Builders Pvt Ltd, Sub: Kumar Ganesh Construction | Kupandole, Ward-1 |
| 4 | 16/BTRM/ NCB/Works/ 2082-083 | Dumkibas Dadajor Sardi Deuraali Hudai Palpa Jane Motarbaato Staronnati | Jv Name: Kumar- Sunchhahari-Precision J/V, Lead: Kumar Ganesh Construction, Sub: Precision Engineers and Builders Pvt Ltd, Sub: Sunchhahari Construction | Puranchaur |
| 5 | 17/BTRM/ NCB/Works/ 2082-083 | Nayagaun Shantinahar Hudai Chukaha Sadak Staronnati | Omkar Builders | Gokarneshwor-12, Kathmandu |
| | | | Jv Name: Bhawani/Anjana J.V., Lead: Anjana Nirman Sewa, Sub: Bhawani National Builders | Bharatpur |

प्रमुख प्रशासकीय अधिकृत





## साधारण सभा सम्बन्धी सूचना

श्री प्रबर्धन बचत तथा ऋण सहकारी सस्था लिमिटेड सिनपा ७ को पन्ध्रौं साधारण सभा निम्न मिति, समय र स्थानमा हुने भएको हुँदा उक्त साधारण सभाकोलागी सम्पुर्ण सेयर सदस्य ज्यु हरुलाइ पत्राचार गरिएको छ । कथम कदाचित पत्र प्राप्त नगर्नु भएको भए पनि यसै सुचनालाई आधार मानी उक्त साधारण सभामा सक्रिय सहभागिताको लागी हार्दिक निमन्त्रणा गर्दछौ ।

**मितिः २०८२ पुष १२ गते शनिबार**

**स्थान : युनिक बेंक्युट डाँडा गाउँ सि.न.पा १२**

**समय : बिहान ११ बजेदेखी**

**नारायण बहादुर कार्की**

अध्यक्ष (एवं)

**प्रबर्धन बचत तथा ऋण सहकारी सस्था लिमिटेड**

**सिनपा-७, भैरहवा, सम्पर्क ०७१-५७२०६६**





**श्री डायमण्ड गोर्खा ट्रेनिङ्ग सेन्टर, (दर्ता नम्बर : २३५८११)**

**बुटवल उपमहानगरपालिका-७, रुपन्देही, (प्यान नम्बर : ६०९७३५७९८)**

## दर्ता खारेजी सम्बन्धी सूचना ।

त्यस कम्पनीका संस्थापकले कम्पनीको दर्ता खारेज गरी पाउँ भनी दिएको मिति २०८२-०१-०७ को विशेष साधारण सभाको बैठकको निर्णयले कम्पनी खारेजी गर्ने भएकाले त्यस कम्पनीले कुनै व्यक्ति, संस्थालाई तिर्नु बुझाउनु पर्ने कुनै ऋण दायित्व भए सो को सबुद प्रमाण सहित हक दावी गर्ने सम्बन्धी सूचनाको मस्यौदा देहाय बमोजिम रहेको छ । उक्त सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गराई सोको प्रति यस कार्यालयमा पेश गर्नु हुन मिति २०८२-०३-१५ को निर्णयानुसार जानकारी गरिन्छ । यस कार्यालयमा मिति २०७६-११-२० मा दर्ता भएको डायमण्ड गोर्खा ट्रेनिङ्ग सेन्टर प्राइभेट लिमिटेड (प्रा.लि.नं. २३५८११) नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।





## Binayi Tribeni Rural Municipality

**Office of The Rural Municipal Executive**

**Dumkibas, Nawalparasi (East of BardaghatSusta)**

**Gandaki Province, Nepal**

### Invitation For Online Bids

Date of publication: 2082/08/09, (25th, Nov, 2025)

1. Office of Binayi Tribeni Rural Municipality invites electronic bids from eligible bidders for the following goods under National Competitive Bidding procedures.

| S. N. | Contract ID | Description of Works | Estimate Amount with VAT | Bid Security Amount (NRs.) | Cost of Bid Document (NRs.) | Last Date of Bid | Bid Valid Period | Date of Pre-bid Meeting | Bid Opening Date | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 19/BTRM/ NCB/Goods/ 2082-083 | Procurement of medicines for basic and emergency health care | 3756593.33 | 112500.00 | 3000.00 | 2082/09/11 (26th, Dec, 2025) Before 12:00 | 90 Days | 2082/08/14 (14th, Nov, 2025) at 1:00 PM | 2082/09/11(26th, Dec, 2025) After 1:00 | |
| Cost of Bidding Document in Bank | Name of the Bank: Siddharth Bank LTD Dumkibas branch, Nawalparasi (East ) Name of Office: Binayi Tribeni Rural Municipality, Nawalparasi (East) Binayi Tribeni Gaunpalika GA1.1 Aantarik Rajashwo Khata : 00815413078 | | | | | | | | | |
| Cost of Bid Security in Bank | Name of the Bank: Siddhartha Bank LTD Dumkibas, Nawalparasi (East) Name of Office: Binayi Tribeni Rural Municipality, Nawalparasi(East) Binayi Tribeni Gaunpalika GA03 Dharauti Khata. : 00815153326 | | | | | | | | | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office Binayi Tribeni Rural Municipality, Nawalparasi (East of bardghat-susta),Dumkibas. Phone no.078-416185, 078-416182, website: www.binayitribenimun.gov.npor may visit PPMO website www.bolpatra.gov.np/egp.
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

***Chief Administrative Officer***

# नेपालमै पहिलोपटक स्याङ्जामा ध्वनि चिकित्सा



स्याङ्जा । स्याङ्जाको अर्जुनचौपारी गाउँपालिकामा नेपालमै पहिलोपटक ध्वनि चिकित्सा पद्धती (माध्यम) बाट उपचार सेवा सुरु गरिएको छ। गाउँपालिकाले 'साउण्ड हिलिङ सेन्टर' स्थापना गरी ध्वनि चिकित्सा पद्धतीबाट उपचार सेवा सुरु गरेको हो ।

अर्जुनचौपारी गाउँपालिका-१ मा स्थापित नेपालकै पहिलो नवग्रह मन्दिर परिसरमा ध्वनि चिकित्सा पद्धती सञ्चालनमा आएको छ। मानिसमा कार्य ब्यस्तता बढेसँगै तनाव बढ्दै जाने र जसले शरीरका महत्वपूर्ण ऊर्जाहरु क्षीण भई रोगविरुद्ध लड्ने प्रतिरक्षा प्रणाली कमजोर बन्दै जाँदा ध्वनि चिकित्सा पद्धतीको उपचार बरदान सावित हुन अपेक्षा गरिएको छ।

विभिन्न सप्त धातुहरुबाट निर्मित उपकरणको प्रयोगबाट मानिसको शरीर, मन र आत्मालाई ध्वनिको माध्यमबाट शुद्धगरी सप्त चक्रलाई क्रियाशिल गरिन्छ। ध्वनिबाट सकरात्मक सोंचको सृजना गराएर विकास गराउँदै उर्जा प्रदान गर्ने पद्धती नै ध्वनि चिकित्सा हो ।

गाउँपालिकाद्वारा सञ्चालित नवप्रवर्तनशिल कार्यमध्ये ध्वनि चिकित्सा पद्धतीले अर्जुनचौपारीलाई वेलनेश टुरिजमको गन्तव्य बनाएर विकासका गतिविधि सञ्चालन गर्ने गाउँपालिकाले योजना बनाएको छ । गाउँपालिकाकी उपाध्यक्ष सपना गुरुङले नेपालमै पहिलो पटक सुरु गरिएको ध्वनि चिकित्सा पद्धतीलाई आगामी दिनमा नवग्रह मन्दिरमा आउने भक्तजनलाई समेत सेवा उपलब्ध गराउने गरी योजना बनाएको बताइन् ।

ध्वनि उपचार पद्धति प्राचीन प्राकृतिक चिकित्सा पद्धति हो । ध्वनि उपचारले शरीरको ऊर्जा क्षेत्र र चक्रहरुसँग सीधा सरोकार राख्छ । जब ऊर्जा क्षेत्र र चक्र सन्तुलित हुन्छ मानव शरीर स्वस्थ बन्दै जान्छ भन्ने विश्वास गरिन्छ। उपचारपछि शरीरले स्वतः आफ्नो प्राकृतिक क्षमतामा क्रियाशिल बन्दैजाँदा मानिस स्वच्छ बन्दै जाने बताइन्छ।

ध्वनि उपचारमा मस्तिष्क र स्नायु प्रणालीलाई प्रभाव पार्न विशेष तरङ्गको प्रयोग गर्छ । सोही तरङ्गको फ्रिक्वेन्सीले मस्तिष्क र स्नायु प्रणालीलाई सन्तुलनमा ल्याउने काम गर्छ भन्ने विश्वास छ। निष्कृय भएका शरीरका विभिन्न अंगमा ध्वनिले ऊर्जाशिल बनाउँदै सन्तुलन पुनःस्थापित गराउन उपचार सहयोगी बन्ने गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत युवराज अर्यालले बताए।

शरीर र मनमा भएका अनेकौँ विकारजन्य वस्तुलाई ध्वनि उपचारबाट निराकरण गर्न सकिन्छ। जसमा चिकित्सकले एक वा सोभन्दा बढी कचौरा बजाएर ध्वनि उपचार गर्ने गर्दछन् । कचौरा, मन्दिरका घण्टीहरु र सोही प्रकृतिका वाद्ययन्त्रहरुको सहायताले ध्वनि उपचार गरिंदै आएको छ।

ध्वनि स्नानले क्रोध, रिस, इर्ष्याबाट छुटकारा पाइन्छ । ध्वनिले मन र शरीरलाई स्थिर र चङ्गा बनाउँछ । हरेक ध्वनिको लय र आवाजमा फरकपन भेटिने गरेको बताइन्छ । ध्वनि उपचार भनेको गुञ्जन हो । उपचारका लागि गाउँपालिकाले छुट्टै कक्ष, उपकरणसहित तालिम प्राप्त जनशक्तिको समेत व्यवस्थापन गरिसकेको गाउँपालिकाले जनाएको छ।

# स्याङ्जामा ८ हजार २२५ मतदाता थपिए

स्याङ्जा । प्रतिनिधिसभा सदस्य निर्वाचन नजिकिँदै गर्दा स्याङ्जामा ८ हजारभन्दा बढी नयाँ मतदाता थपिएका छन् । सरकारद्वारा घोषित फागुन २१ गते हुने निर्वाचनका लागि सञ्चालन भएको मतदाता नामावली दर्ता अभियानअन्तर्गत जिल्लामा ८ हजार २२५ नयाँ मतदाता थपिएका हुन् ।

राष्ट्रिय परिचयपत्रमार्फत् मतदाता नामावलीमा नाम समावेश गर्न पाउने व्यवस्था मिलाएको एक हप्तामै ६ हजारभन्दा धेरै मतदाता थपिएका थिए । गएको असोज ९ देखि मंसिर ५ गतेसम्म नामावली दर्ता खुला गरिएकोमा कार्यालयमा पुगेर तथा राष्ट्रिय परिचयपत्र दुवै माध्यमबाट ८ हजार बढीले मतदाता नामावली दर्ता गराएका छन् ।

कार्यालयमै पुगेर एक हजार ८४१ जनाले नाम दर्ता गराएका छन् भने राष्ट्रिय परिचयपत्रमार्फत् छ हजार ३८४ जनाले दर्ता गराएको जिल्ला निर्वाचन अधिकारी श्रीराम थापाले जानकारी दिए । राष्ट्रिय परिचयपत्र बनाएकाले सिधै अनलाइनबाटै नाम दर्ता गर्न सकिने भएपछि धेरै मतदाता परिचयपत्रबाटै दर्ता भएको निर्वाचन अधिकारी थापाले बताए ।

राष्ट्रिय परिचयपत्रको प्रयोगसँगै विदेशमा रहेका र रोजगारको शिलसिलामा जिल्ला बाहिर बस्नेहरु लाभान्वित भएका छन् । मंसिर २० गतेदेखि प्रारम्भिक मतदाता नामावली सार्वजनिक गर्ने तयारी गरिएको छ । त्यसपछिको अध्यावधिक प्रक्रिया गरेसँगै नाम दोहोरो परेका, कागजात तथा रित नपुगेका, मृत्यु भएकाहरुको विवरण अध्यावधिक पश्चात पुस १५ मा अन्तिम नामावली प्रकाशन गर्ने तयार गरिएको निर्वाचन कार्यालयले जनाएको छ ।

२०७९ सालमा भएको प्रतिनिधिसभा सदस्य निर्वाचनका क्रममा स्याङ्जामा दुई लाख ४४ हजार ८९ मतदाता रहेका थिए । निर्वाचन आयोगले पछिल्लो पटक कार्तिकमा सार्वजनिक गरेको मतदाता नामावलीमा अघिल्लो निर्वाचनको तुलनामा घटेको दुई हजार ३९० मतदाता घटेको थियो ।

सार्वजनिक मतदाता नामावली अनुसार हाल जिल्लामा दुई लाख ४१ हजार ६९९ जना मतदाता छन् । पछिल्लो नामावली संकलनमा थपिएका ८ हजार २२५ नयाँ मतदाता सहितको नामावली अध्यावधिक पछिमात्रै कुल मतदाताको संख्या सार्वजनिक गरिने कार्यालयले जनाएको छ ।

**Marchawari Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Rayapur, Rupandehi**
**Lumbini Province, Nepal**

## NOTICE OF INTENT TO AWARD THE CONTRACT

**(Date of Publication: 2082/08/09)**

This to notify to all concerned bidders that, it is our intention to award the contract published on 2082/07/02 electronically for the execution of the following work as per corrected and modified bid prices in accordance with the Instructions to Bidders is hereby selected following substantially responsive lowest evaluated bidder.

| Project Name and Contract No. | Winning Bidder's Quoted Amount | substantially responsive lowest bidder |
|---|---|---|
| The Procurement of supply, Delivery, Installation, Testing and commissioning of 62.5 KVA Generator at Marchawari Rural Municipality Contract No.: MRM/RUP/SQ/01/2082-83 | NRs. 1022650.00 (with VAT) | RMS International Pvt. Ltd., Koteshwhor-35, Kathmandu |

**Chief administrative officer**
**Marchawari Rural municipality**

# भीरकोटद्वारा आलु र गहुँको बिउ वितरण

स्याङ्जा । स्याङ्जाको भीरकोट नगरपालिकाले कृषकलाई अनुदानमा आलु र गहुँको बिउ वितरण गरेको छ । नगरपालिकाले ५० प्रतिश त अनुदानमा विभिन्न जातका आलु र गहुँको बिउ वितरण गरेको हो ।

५० प्रतिशत अनुदानमा एमएम जातको ८० किलो, जनकदेव जातको ११२ क्विन्टल, कार्डिनल जातको १३० क्विन्टल आलुको बिउ वितरण गरिएको छ भने गौतम जातको १८०, स्वर्गद्वारी जातको दुई हजार ४४२ किलोसहित दुई हजार ६२२ किलोग्राम गहुँको बिउ वितरण गरिएको नगरपालिकाले जनाएको छ । कृषकलाई व्यावसायिक रुपमा कृषिक्षेत्रमा अभिवृद्धि गर्न आलु र गहुँको बिउ वितरण गरिएको नगरप्रमुख गोविन्दकुमार कर्माचार्यले जानकारी दिए। कृषि नै समृद्धिको आधार भएकाले कृषकलाई व्यावसायिक रुपमा अगाडि बढाउनका नगरपालिकाले बिउबिजन वितरण, प्राविधिक र बजारीकरणको सहजीकरण गर्दै आएको छ।

आलु, गहुँ, तोरी र धान उत्पादनका लागि भीरकोट नगरपालिका जिल्लाकै पकेट क्षेत्र हो। भीरकोटमा गत वर्ष धानको झडै १७ हजार, आलुको १४ हजार र गहुँको चार हजार किलाग्राम बीउमात्रै उत्पादन भएर बिक्री भएको थियो । अन्य पालिकाको तुलनामा भीरकोटले धान, आलु, गहुँ र सुन्तला बढी मात्रामा निर्यात गर्दै आएको छ।

## शैक्षिक योग्यताको कागजात हराएको सुचना

विवरणः- भैरहवाबाट काठमाडौं जाने क्रममा कक्षा १२ को मेरो मार्कसिट, चारित्रिक सर्टिफिकेट, माईग्रेशन सर्टिफिकेट र ट्रासफर सर्टिफिकेट हराएको हुदा फेला पार्नुहुने महानुभावले तल लेखिएको मोवाईल नम्बरमा तथा नजिकको प्रहरी चौकिमा खबर गरिदिनुहुन सादर अनुरोध गर्दछु।

**नाम** :- **प्रशम चौधरी**
**स्थायी ठेगाना** :- **सि.न.पा. वार्ड नं. १२ सुवर्णपथ**
**रजिस्ट्रेशन नं.** :-८१५४९००५०३३५
**सिम्बोल नं.** :-२४९००७३२
**मोवाईल नं.** :-९८४७०३१७९९

## Marchawari Rural Municipality
**Office of the Rural Municipal Executive**
**Raypur, Rupandehi, Lumbini Province, Nepal**

## Invitation for Bids

Date of publication: November 25, 2025

1. Marchawari Rural Municipality, Raypur, Rupandehi invites electronic bids only from eligible bidders for following works under National Competitive Bidding (NCB) and Sealed Quotation respectively.

| S.N. | Name of work | Contract ID | Pre-bid meeting | Bid Submission Deadline | Bid Opening | Fee of Bid Document | Bid Validity Period | Estimated Amount (including VAT) | Bid Security | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | Amount | Validity Period |
| 1 | Sonbarsa, Maharajgang, Patilaha, Musarahawa, Madhubaniya Samma Kalopatre, Ward 1,3 | MRM/RUP/WORKS/NCB/02/2082-83 | December 05, 2025 11:00 am | December 26, 2025 12:00 noon | December 26, 2025 13:00 pm | NRs. 3000.00 | 90 days | NRS 14998479.1 9 | NRs. 375000.00 | 120 days |
| 2 | Patilaha Soman Kewatko Ghar Dekhi Paschim Ghogi Nalako pul saamma Sadakma PCC dhalan | MRM/RUP/SQ/02/2082-83 | NA | December 10, 2025 12:00 noon | December 10, 2025 13:00 pm | NRs.1000.00 | 45 days | NRS 1499694.19 | NRs. 35000.00 | 75 days |

**2. Submission and Opening:**
Bidders download the bidding document and submit their bids electronically through e-procurement section of PPMO's website www.bolpatra.gov.np/egp. Bidders should deposit the equivalent fee for bidding document inthe following Revenue Account within the date and time specified.

**3. Revenue Account Details:**

| Account Holder's Name | Bank Name | Revenue Account Number and Name | Dharauti Account Number and Name |
|---|---|---|---|
| Marchawari Rural Municipality | Siddhartha Bank Ltd. | 01215382423 (MarchawariGaunpalika Ga. 1.1 AantrikRajwso Khaata) | 01215156664 (MarchawariGaunpalika Ga 03 Dhrauti Khaata) |

4. The purchaser reserves the right to accept or reject, wholly or partly any or all the procurement of works without assigning any reason, whatsoever. Other Procurement process remains as per rule of PPA and PPR.

Chief Administrative Officer

## महिला हिंसा अन्त्य गरौं

- महिला हिंसा जहाँसुकै र जो सुकैबाट पनि हुन सक्छ, सचेत होऔं,
- महिलामाथि शारीरिक, मानसिक, आर्थिक र सामाजिक रुपमा हिंसा हुन सक्छ,
- कुनै प्रकारको हिंसा भएमा उजागर गर्ने हिम्मत गरौं,
- हिंसामा परे तत्काल कानूनी सहायता लिऔं,
- कानूनी सहायता र सहयोगका लागि महिला हेल्पलाइन (११४५) मा सम्पर्क गरौं,
- घर-परिवार, विद्यालय, कार्यालय र समाजमा समान व्यवहार गरौं,
- महिला अधिकार र सम्मानको संरक्षणमा सबै जिम्मेवार बनौं,
- हिंसामुक्त घर तथा समाज निर्माणमा जिम्मेवार होऔं,
- महिला हिंसा विरुद्ध शून्य सहनशीलता अपनाऔं ।

**महिला हिंसा विरुद्धको १६ दिने अभियान सफल पारौं ।**

**नेपाल सरकार विज्ञापन बोर्ड**

## आकर्षक डिजाइन तथा छपाई

**सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !**

**आइडिया डिजाइनर्स/अफसेट प्रेस**

**सम्पर्कः**
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

## श्री जनहित माध्यमिक विद्यालय मैनहवा
**तिलोत्तमा न.पा.-१०, कान्छी बजार, रुपन्देही**

## शिक्षक आवश्यकता सम्बन्धी सूचना ।

**प्रकाशित मिति २०८२।०८।०९**

प्रस्तुत विषयमा यस श्री तिलोत्तमा नगरपालिका वार्ड नं १० कान्छी बजारमा सञ्चालित श्री जनहित माावि मैनहवा मा रहेको प्रा. वि. दरबन्दी शिक्षक पदका लागि तिलोत्तमा नगर पालिकाको मिति २०८२ ०७ १६ प.स. ०८२/०८३ प.न. ९५५ को सिफारिस पत्र, शिक्षा विकास तथा समन्वय इकाई भैरहवा रुपन्देही को मिति २०८२/०७/१७ प.स. २०८२/०८३, च.न. ३२५ को अनुमति पत्र अनुसार तथा यस विद्यालय को विद्यालय व्यवस्थापन समितिको मिति २०८२/०७/१४ को निर्णय अनुसार देहाय बमोजिमको शिक्षक आवश्यकता भएकोले इच्छुक नेपाली नागरिकबाट रितपूर्वक दरखास्त आह्वान गरिन्छ।

१. वि.न. ०१/०८२/०८३ २. पद : शिक्षक
३. तह :- प्रा.वि. तृतीय ४ किसिम :- अस्थायी करार
५. संख्याः १ जना
६. शैक्षिक योग्यता :- मान्यता प्राप्त शिक्षण संस्थाबाट माध्यामिक तह कक्षा १२ उत्तीर्ण गरेको वा सोभन्दा माथि
७. दरखास्त दस्तुर :- रु.१५०० अक्षररुपी एक हजार पाच सय मात्र
८. तलब स्केल :- नियमानुसार
९. उमेर :- १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्ने छ।
१०. आवश्यक कागजात :- शैक्षिक योग्याता को प्रमाणपत्रका प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, अध्यापन अनुमति पत्र को प्रतिलिपि र हस्तलिखित निवेदन।
११. परिक्षाको किसिम :- लिखित र अन्तर्वार्ता
१२. दरखास्त दिने अन्तिम मिति :- २०८२/०८/०१ विद्यालय समयसम्म
१३. सम्पर्क मिति :- २०८२/०८/०२ गते
१४. परिक्षा मितिः- सम्पर्क मितिमा तोकिनेछ।

पुनश्च - तोकिएको अवधि भित्र शिक्षक सेवा आयोगको करार सूचीमा सूचीकृत आवेदकले निवेदन दिएमा निजलाई प्राथमिकता दिईनेछ र अन्य आवेदकको निवेदन फिर्ता गरिनेछ।

**थप जानकारीका लागि विद्यालयमा सम्पर्क राख्नुहोला।**
**सम्पर्क न.** ९८४७०५०१७७ (प्र.अ.), ९८५६०३४८७७० (सा. प्र. अ)., ९८१९४७२४२५ (लेखापाल)

**प्रधानाध्यापक**
**श्री जनहित माध्यमिक विद्यालय**
**मैनहवा तिलोतमा १०**

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com